कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: १८/०८३
दर्ता मिति: २०८३/०६/३०

# सार्वजनिक खरिदमा स्वदेशी उत्पादनको प्रयोग र प्रवर्धनसम्बन्धी निर्देशिका, २०८३

**प्रस्तावना** : सार्वजनिक खरिदमा स्वदेशी उत्पादनको प्रयोग र प्रवर्धन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न आवश्यक भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४क. ले दिएको अधिकार प्रयोग गरी सार्वजनिक खरिद अनुगमन कार्यालयले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "सार्वजनिक खरिदमा स्वदेशी उत्पादनको प्रयोग र प्रवर्धनसम्बन्धी निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "उपयुक्त स्वदेशी विकल्प" भन्नाले खरिद गर्न खोजिएको कुनै मालसामान वा निर्माण कार्य वा सेवाको गुणस्तर, कार्यक्षमता, सुरक्षा, टिकाउपन तथा प्राविधिक मापदण्ड (टेक्निकल स्ट्यान्डर्ड) को आवश्यकता पूरा गर्न सक्ने स्वदेशी मालसामान, स्थानीय सामग्री वा स्वदेशी प्रविधिलाई सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनुपर्छ।

(ग) "सेवा" भन्नाले परामर्श सेवा वा अन्य सेवा सम्झनुपर्छ।

(घ) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनुपर्छ।

(ङ) "स्थानीय सामग्री" भन्नाले नेपालभित्र उपलब्ध प्राकृतिक स्रोत वा कच्चा पदार्थ प्रयोग गरी उत्पादन तथा प्रशोधन गरिएका सामग्री सम्झनुपर्छ।

(च) "स्वदेशी प्रविधि" भन्नाले नेपालमा उपलब्ध जनशक्ति, सिप, उपकरण, सामग्री वा उत्पादन प्रक्रियाको उपयोग गरी विकास वा प्रयोग गर्न सकिने विधि वा प्रविधि सम्झनुपर्छ।

३. **निर्देशिका लागु हुने** : (१) यो निर्देशिका सार्वजनिक निकायले गर्ने मालसामान खरिद, निर्माण कार्य तथा सेवा खरिदमा प्रयोग हुने स्वदेशी मालसामान, स्थानीय सामग्री तथा स्वदेशी प्रविधिको हकमा लागु हुनेछ।

(२) सार्वजनिक निकायले आफैं वा अन्य निकाय, परामर्शदाता, निर्माण व्यवसायी, आपूर्तिकर्ता वा सेवा प्रदायकमार्फत गराउने कार्यको योजना, अध्ययन, डिजाइन, लागत अनुमान तथा प्राविधिक स्पेसिफिकेशन तयार गर्ने चरणदेखि खरिद, निर्माण, जडान तथा प्रयोग गर्ने चरणसम्म यस निर्देशिकाको पालना गर्नु पर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो निर्देशिका प्रारम्भ हुँदाका बखत खरिदको चरणमा रहेका तथा सम्झौता भइसकेका खरिद कार्यमा यो निर्देशिका व्यवस्था लागु हुनेछैन।

४. <u>स्वदेशी मालसामान तथा स्थानीय सामग्रीको प्रयोग गर्नुपर्ने</u> : सार्वजनिक निकायले मालसामान वा निर्माण कार्य तथा सेवा खरिद गर्दा नेपालमा उत्पादन हुने र निर्धारित गुणस्तर तथा प्राविधिक मापदण्ड पूरा गर्ने हदसम्म यस निर्देशिकाबमोजिम स्वदेशी मालसामान वा स्थानीय सामग्रीको प्रयोग गर्नु पर्नेछ।

५. <u>योजना, अध्ययन, डिजाइन तथा विस्तृत परियोजना प्रतिवेदनमा स्वदेशी मालसामान, स्थानीय सामग्री तथा स्वदेशी प्रविधिको प्रयोग सुनिश्चित गर्नुपर्ने</u> : (१) सार्वजनिक निकायले कुनै आयोजना वा निर्माण कार्यको योजना, सम्भाव्यता अध्ययन, डिजाइन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा उपयुक्त स्वदेशी विकल्पको अधिकतम प्रयोग हुने गरी तयार गर्नु पर्नेछ।

(२) सार्वजनिक निकायले सडक, पुल, भवन तथा अन्य पूर्वाधार संरचनाको डिजाइन गर्दा उपयुक्त स्वदेशी विकल्प उपलब्ध हुँदाहुँदै विदेशबाट पैठारी गरिएको सामग्रीको प्रयोग अनिवार्य हुने गरी डिजाइन तयार गर्न पाइने छैन। भवन तथा अन्य संरचनाको निर्माण, फिनिसिङ, सजावट, विद्युतीय जडान, फर्निचर, स्यानिटरी जस्ता कार्यमा उपयुक्त स्वदेशी विकल्प उपलब्ध भएमा स्वदेशी सामग्रीको प्रयोग हुने गरी डिजाइन गर्नु पर्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि सडक निर्माण गर्दा आयातित बिटुमिनमा आधारित कालोपत्रेको विकल्पमा प्राविधिक रूपमा उपयुक्त भएमा स्वदेशी सिमेन्ट तथा स्थानीय सामग्री प्रयोग हुने सिमेन्ट कङ्क्रिट (पिसिसी) सडक, ढुङ्गाको पेभमेन्ट वा अन्य उपयुक्त निर्माण प्रविधि तथा भवन निर्माण गर्दा आयातित ग्रेनाइट, टायल वा अन्य फिनिसिङ सामग्रीको विकल्पमा स्वदेशी मार्बल, ढुङ्गा, स्लेट, टायल लगायतका सामग्री प्रयोग गर्ने गरी डिजाइन गर्नु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी मालसामान वा प्रविधिको प्रयोग आवश्यक पर्ने गरी डिजाइन तयार गर्नु परेमा त्यसको प्राविधिक औचित्य तथा स्वदेशी विकल्प उपयुक्त नहुनुको कारण सम्बन्धित अध्ययन वा डिजाइन प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ।

६. <u>प्राविधिक स्पेसिफिकेशन तथा बोलपत्रसम्बन्धी कागजात तयार गर्दा पालना गर्नुपर्ने व्यवस्था</u> : (१) सार्वजनिक निकायले मालसामान खरिद, निर्माण कार्य वा सेवा खरिदका लागि प्राविधिक स्पेसिफिकेशन तयार गर्दा उपयुक्त स्वदेशी विकल्पको प्रयोगमा बाधा नपर्ने गरी आवश्यक गुणस्तर, क्षमता, सुरक्षा, टिकाउपन तथा प्रचलित प्राविधिक मापदण्डलाई आधार लिनु पर्नेछ।

(२) उपयुक्त स्वदेशी विकल्प उपलब्ध भएको अवस्थामा विदेशी उत्पादन, ब्रान्ड, उत्पादनस्थल वा उत्पत्तिको मुलुकलाई मात्र लक्षित गरी प्राविधिक स्पेसिफिकेशन तयार गर्न पाइने छैन।

(३) सार्वजनिक निकायले बोलपत्र वा प्रस्तावसम्बन्धी कागजातमा यस निर्देशिकाबमोजिम स्वदेशी मालसामान तथा स्थानीय सामग्रीको प्रयोग गर्नुपर्ने व्यवस्था स्पष्ट रूपमा उल्लेख गर्नु

पर्नेछ। निर्माण कार्यको हकमा त्यस्तो व्यवस्था सम्बन्धित प्राविधिक स्पेसिफिकेशन, परिमाण सूची तथा खरिद सम्झौताका सर्तमा समेत समावेश गर्नु पर्नेछ।

७. **उपयुक्त स्वदेशी विकल्पको उपलब्धता यकिन गर्नुपर्नेः** (१) सार्वजनिक निकायले मालसामान खरिद वा निर्माण कार्यको लागत अनुमान तथा प्राविधिक स्पेसिफिकेशन तयार गर्दा उपयुक्त स्वदेशी विकल्प उपलब्ध हुने वा नहुने यकिन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपलब्धता यकिन गर्दा स्वदेशी उत्पादकको विवरण, उद्योग वा व्यावसायिक सङ्घसंस्थाको जानकारी, सरकारी ई-मार्केट प्लेस तथा बजारमा उपलब्ध मालसामान, उत्पादन तथा गुणस्तरसम्बन्धी प्रमाण, प्राविधिक मापदण्ड, आपूर्ति क्षमता तथा आवश्यक परिमाण र समयमा उपलब्ध हुनसक्ने अवस्थालाई आधार लिनु पर्नेछ।

(३) यस दफाबमोजिम उपयुक्त स्वदेशी विकल्पको उपलब्धता यकिन गर्दा त्यस्तो विकल्प उपलब्ध नभएको वा प्राविधिक रूपमा उपयुक्त नभएको अवस्थामा सार्वजनिक निकायले त्यसको आधार र कारण खुलाई निर्णय गर्नु पर्नेछ।

८. **विदेशी मालसामान खरिद गर्न सकिने अवस्थाः** (१) सार्वजनिक निकायले देहायको कुनै अवस्थामा प्रचलित कानूनबमोजिम विदेशी मालसामान खरिद गर्न वा प्रयोग गर्न सक्नेछ :-

(क) आवश्यक मालसामान नेपालमा उत्पादन नहुने भएमा,

(ख) स्वदेशी मालसामान वा स्थानीय सामग्रीमा आधारित उपयुक्त वैकल्पिक डिजाइन वा निर्माण प्रविधिबाट आयोजनाको आवश्यक प्राविधिक उद्देश्य पूरा गर्न नसकिने भएमा,

(२) सार्वजनिक निकायले उपदफा (१) बमोजिम विदेशी मालसामान खरिद वा प्रयोग गर्नुपर्ने भएमा त्यसको आधार र कारण खुलाई निर्णय गर्नु पर्नेछ।

९. **स्वदेशी मालसामान, स्थानीय सामग्री तथा स्वदेशी प्रविधिको प्रयोग सुनिश्चित गर्ने जिम्मेवारी :** (१) यस निर्देशिकाबमोजिम स्वदेशी मालसामान, स्थानीय सामग्री तथा उपयुक्त स्वदेशी प्रविधिको प्रयोग सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुनेछ।

(२) आयोजना वा निर्माण कार्यको अध्ययन, डिजाइन, लागत अनुमान तथा प्राविधिक स्पेसिफिकेशन तयार गर्ने प्राविधिक वा परामर्शदाताले यस निर्देशिकाबमोजिम स्वदेशी मालसामान, स्थानीय सामग्री तथा स्वदेशी प्रविधिको अधिकतम प्रयोग हुने गरी तयार गर्नु पर्नेछ।

(३) अध्ययन, डिजाइन, लागत अनुमान वा प्राविधिक स्पेसिफिकेशन स्वीकृत गर्ने पदाधिकारीले त्यस्तो कागजातमा यस निर्देशिकाको व्यवस्था पालना भएको सुनिश्चित गर्नु पर्नेछ।

(४) खरिदसम्बन्धी कागजात तयार गर्ने तथा खरिद प्रक्रिया सञ्चालन गर्ने पदाधिकारीले बोलपत्र वा प्रस्तावसम्बन्धी कागजातमा स्वदेशी मालसामान तथा स्थानीय सामग्रीको प्रयोगसम्बन्धी व्यवस्था समावेश भएको सुनिश्चित गर्नु पर्नेछ।

पुष्कर खापकोटा
सचिव

१०. **स्वदेशी मालसामान तथा स्थानीय सामग्रीको गुणस्तर र प्रयोग सुनिश्चित गर्नुपर्नेः** (१) सार्वजनिक निकायले खरिद गर्ने वा निर्माण कार्यमा प्रयोग हुने स्वदेशी मालसामान तथा स्थानीय सामग्री प्रचलित कानूनबमोजिम निर्धारित गुणस्तर, प्राविधिक मापदण्ड तथा खरिद सम्झौतामा उल्लिखित स्पेसिफिकेशन अनुरूपको हुनु पर्नेछ।

(२) सार्वजनिक निकायले आवश्यकताअनुसार त्यस्तो मालसामान तथा सामग्रीको गुणस्तर परीक्षण, निरीक्षण तथा स्वीकृति प्रचलित कानून र खरिद सम्झौताबमोजिम गर्नु पर्नेछ।

(३) खरिद सम्झौतामा स्वदेशी मालसामान तथा स्थानीय सामग्री प्रयोग गर्ने व्यवस्था भएकोमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता वा सेवा प्रदायकले त्यस्तो सामग्रीको सट्टा विदेशी मालसामान प्रयोग गर्न पाउने छैन।

तर दफा ८ बमोजिमको अवस्था सिर्जना भएमा प्रचलित कानून तथा खरिद सम्झौताबमोजिम सार्वजनिक निकायको स्वीकृति लिई विदेशी मालसामान प्रयोग गर्न सकिनेछ।

११. **अनुगमन तथा कार्यान्वयन** : (१) सार्वजनिक निकायले यस निर्देशिकाबमोजिम स्वदेशी मालसामान, स्थानीय सामग्री तथा स्वदेशी प्रविधिको प्रयोग भए वा नभएको सम्बन्धमा खरिद सम्झौताको कार्यान्वयन, निरीक्षण, गुणस्तर परीक्षण, सामग्री स्वीकृति तथा भुक्तानीका चरणमा अनुगमन गर्नु पर्नेछ।

(२) सार्वजनिक निकायले आवश्यकताअनुसार मालसामानको उत्पादनस्थल, उत्पादकको विवरण, खरिद बिल, आपूर्ति विवरण, गुणस्तर प्रमाणपत्र तथा अन्य सम्बन्धित कागजातका आधारमा त्यस्तो मालसामानको वास्तविक उत्पत्ति र गुणस्तर यकिन गर्न सक्नेछ।

(३) निर्माण व्यवसायी, आपूर्तिकर्ता वा सेवा प्रदायकले स्वदेशी मालसामानको नाममा विदेशी मालसामान आपूर्ति गर्न, विदेशी मालसामानमा स्वदेशी उत्पादनको झुट्ठा विवरण वा लेबल लगाउन, नक्कली ब्रान्ड वा ट्रेडमार्क प्रयोग गर्न वा मालसामानको वास्तविक उत्पादनस्थल वा उत्पत्तिसम्बन्धी गलत विवरण पेस गर्न पाउने छैन।

(४) उपदफा (३) विपरीत मालसामान आपूर्ति वा प्रयोग भएको पाइएमा सार्वजनिक निकायले त्यस्तो मालसामान अस्वीकार गरी खरिद सम्झौताबमोजिम उपयुक्त मालसामान प्रतिस्थापन गर्न लगाउनु पर्नेछ। त्यसरी मालसामान प्रतिस्थापन नगर्दासम्म त्यस्तो मालसामानको भुक्तानी हुन बाँकी रहेको अवस्थामा सम्झौता तथा प्रचलित कानूनबमोजिम भुक्तानी रोक्का गर्न सकिनेछ।

(५) उपदफा (३) विपरीत स्वदेशी मालसामानको नाममा विदेशी मालसामान आपूर्ति वा प्रयोग गरेको, नक्कली ब्रान्ड वा ट्रेडमार्क प्रयोग गरेको, उत्पादनस्थल वा उत्पत्तिसम्बन्धी झुट्ठा विवरण पेस गरेको वा सम्झौतामा तोकिएको स्वदेशी मालसामानको सट्टा विदेशी मालसामान प्रयोग गरी जालसाजी गरेको प्रमाणित भएमा सम्बन्धित सार्वजनिक निकायले त्यस्तो मालसामान अस्वीकार गरी खरिद सम्झौताबमोजिम आवश्यक कारबाही गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको निर्माण व्यवसायी, आपूर्तिकर्ता वा सेवा प्रदायकलाई ऐनको दफा ६३ तथा नियमावलीको नियम १४१ बमोजिम कालोसूचीमा राख्ने कारबाहीका लागि सम्बन्धित सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्नेछ। त्यस्तो कार्य प्रचलित कानूनबमोजिम कसुर हुने देखिएमा सम्बन्धित निकायमा कानूनी कारबाहीका लागि समेत लेखी पठाउनु पर्नेछ।

(७) यस निर्देशिकाको कार्यान्वयनको अनुगमन सम्बन्धित सार्वजनिक निकायले आफ्नो नियमित खरिद तथा सम्झौता व्यवस्थापन प्रक्रियाबाट गर्नेछ। सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रचलित कानूनबमोजिम आफ्नो अधिकारक्षेत्रभित्र रही यसको अनुगमन गर्न सक्नेछ।

पुष्कर सापकोटा
सचिव